पूर्वी परासी, रुपन्देही, कपिलवस्तु, दाङ्ग, बाके, बर्दिया, कैलाली, कन्चनपुर जिल्लाहरुलाई रु. ५०,०००।- (पचास हजार) मात्र ।

ख) दफा ५ को (क) मा उल्लेखित जिल्लाहरु बाहेक अन्य जिल्लाहरुको हकमा रु २५,००० (पच्चिस हजार) मात्र ।

ग) कार्यविधिको दफा ७ बमोजिम विक्रेताले जिम्मेवारी र दायित्व पुरा नगरी कारवाही स्वरुप विक्रेता खारेज भएको अवस्थामा विक्रेताले यस कम्पनीमा राखेको धरौटी रकम दायित्व फरफारक गरी बांकी फिर्ता दिनु पर्नेछ ।

## ६. विक्रेता सम्वन्धमा कम्पनीको अधिकार :

६.१ बिक्रेताको लागि प्राप्त आवेदन छानविन गरी विक्रेता मुकरर गर्ने ।

६.२ कम्पनीबाट बिक्री हुने अनुदानको मल बाहेक अन्य कृषि सामग्रीहरुको बिक्री परिमाणमा कम्पनीबाट दिइने विक्रेता कमिशन दर तोक्ने ।

६.३ विक्रेताहरुको बिक्री कक्ष, भण्डारण, खातापाता एवम् कृषकहरुको विवरण सहित हरहिसाबका अभिलेखहरु कायम राख्न लगाउने ।

६.४ खातापाता निरिक्षण गर्दा कुनै पनि कैफियत देखिएमा सो निराकरण गर्न निर्देशन दिने ।

६.५ यो कार्यविधि अनुसार विक्रेता निलम्वन वा खारेज गर्ने र निलम्वित विक्रेतालाई निलम्वन अवधिभर विक्रेताले पाउने सुविधा उपलव्ध नगराउने ।

६.६ दफा ६ का सम्बन्धमा बिक्रेताले आफ्नो प्रतिवद्धता पुरा नगरेमा स्पष्टीकरण सोधी सफाईको मौका दिइनेछ ।

६.७ विक्रेताको नविकरण सम्वन्धमा आवश्यक कार्वाही गरि उपयुक्त देखिएको विक्रेताको विक्रेता प्रमाण पत्र नविकरण गर्ने र नविकरण नभएका विक्रेता खारेज हुने हुंदा यस्ता विक्रेताहरुको धरौटी रकम यो कार्यविधि लागु भएको मितिबाट दुई आ.ब.मा पनि फिर्ता नलिए स्वतः आम्दानी बाँध्ने ।

## ७. विक्रेताको जिम्मेवारी दायित्व तथा कर्तव्य :

कम्पनीवाट विक्रेता प्रमाण पत्र प्राप्त गर्ने विक्रेताहरुको कम्पनी प्रति जिम्मेवारी, दायित्व तथा कर्तव्य निम्न अनुसार हुनेछ ।

७.१ बिक्रेताले निर्देशिकाको दफा १९ बमोजिमको प्रकृया पुरा गरी अनुदानको मल बिक्री वितरण गर्नु पर्नेछ ।

७.२ कृषि सामग्री बिक्री वितरण गर्न आवश्यक विक्री कक्ष र गोदाम घर उपयुक्त स्थानमा हुनु पर्नेछ ।

७.३ बिक्री वितरणको विवरण तोकिएको ढाँचामा नियमित रुपमा कम्प्युटर/सफ्टवेयरमा अद्यावधिक गर्नु पर्नेछ ।

७.४ विक्रेताले कृषि सामग्री बिक्री गर्दा यथासम्भव प्रति कृषक खेतीयोग्य जमीनको आधारमा आवश्यक कृषि सामग्री बिक्री वितरण गर्नु पर्नेछ ।

७.१९ विक्रेताले यस कार्यविधिमा नभएका कुरा निर्देशिका अनुसार गर्नु पर्नेछ ।

७.२० निर्देशिकाको परिच्छेद ३ को १५(६) अनुसार अधिनमा रही बिक्री वितरण गर्नु पर्ने छ ।

## ८. विक्रेता प्रमाणपत्र :

८.१ यो कार्यविधिको दफा ३ अनुसारका आवेदकलाई विक्रेता बनाउने निर्णय भएमा आवश्यक धरौटी र लाग्ने शुल्क प्राप्त भए पछि अनुसूची-१ बमोजिमको विक्रेता प्रमाणपत्र र विक्रेता व्यवस्था कार्यविधि कम्पनीवाट उपलब्ध गराइनेछ र अनुसूची-२ बमोजिमको प्रतिवद्धतापत्र दिइनेछ ।

८.२ विक्रेता हुन चाहने आवेदकले विक्रेता व्यवस्था तथा नविकरण शुल्क वापत प्रति आ.ब.रु.१,५००।-(एक हजार पाँच सय) फिर्ता नहुने गरि कम्पनीको खातामा जम्मा गरी सक्कल बैंक भौचर पेश गर्नु पर्नेछ ।

८.३ विक्रेता प्रमाणपत्र हराई वा च्यातिई/विग्रीई प्रतिलिपी उपलव्ध गराउनु परेमा प्रतिलिपि शुल्क वापत रु.१,०००।- (एक हजार) कम्पनीको खातामा जम्मा गरी सक्कल बैंक भौचर पेश गरेमा प्रमाणपत्र उपलब्ध गराउनेछ ।

## ९. प्रमाणपत्र खारेजी सम्वन्धमा :

९.१ कम्पनीबाट प्रदान गरिएको विक्रेता प्रमाणपत्र निर्देशिकाको दफा २० बमोजिम खारेज गर्न सकिनेछ ।

९.२ उपदफा ९.१ बमोजिम विक्रेता प्रमाण खारेज गर्नु भन्दा अगाडि मल कम्पनीले विक्रेतालाई मनासिव माफिकको समय दिई सफाई पेश गर्न मौका दिनु पर्नेछ ।

९.२ उपदफा ९.२ बमोजिम दिइएको समय भित्र बिक्रेता सफाई पेश नगरेमा वा पेश गरेको सफाई सन्तोषजनक नदेखिएमा कम्पनीले आफुले दिएको प्रमाणपत्र खारेज गर्न सकिनेछ ।

९.३ माथि उल्लेखित दफा ९.१ बाहेकको अवस्थामा विक्रेताले कारोवार संचालन गर्न लिखित असमर्थता जनाई बिक्रेता खारेज गर्न निवेदन दिएमा प्रमाणपत्र खारेज गरिनेछ ।

९.४ कुनै पनि कारणले कम्पनीको विक्रेता नरहेमा निजसँग कम्पनीको कुनै रकम लिनु पर्ने भए सो कट्टा गरी प्रचलित कानून वमोजिम सम्वन्धित निकायवाट कारवाही भई जफत वा रोक्का गरिएको अवस्थामा वाहेक धरौटी फिर्ता दिईने छ । धरौटी रकम फिर्ता माग गर्नु परेमा यस कम्पनीबाट धरौटी राखेको नगदी रसिद पेश गर्नु पर्नेछ । साथै निस्कृय रहेका विक्रेताहरुले तथा विक्री प्रमाणपत्र नविकरण नगरेका विक्रेताहरुको धरौटी यो कार्यविधि लागु भएको मितिले २(दुई) बर्ष भित्र फिर्ता लिइसक्नु पर्नेछ । यसरी फिर्ता नलिने विक्रेताहरुको धरौटी २ बर्ष पछि स्वत: जफत गरी आम्दानी बाँध्नु पर्नेछ ।

## १०.विक्रेता नविकरण :

प्रत्येक वर्षको आश्विन मसान्त भित्रमा बिक्रेता प्रमाणपत्र नविकरण गर्न देहायको कागजात संलग्नहरु गरी निवेदन दिनु पर्नेछ । उक्त समयमा नविकरण नभएमा थप एक महिनासम्म दोब्बर दस्तुर तिरी नविकरण गर्न सकिने छ । उक्त अवधीमा नविकरण नभएका विक्रेताहरु

